# ग्रीन फिल्ड बिर्तामोडले मनायो बार्षिकोत्सव

**बिर्तामोड, फागुन ६।** झापाको बिर्तामोड-१मा सञ्चालित ग्रीन फिल्ड वर्ल्ड स्कूलले बिबिध कार्यक्रम गरी बार्षिकोत्सव मनाएको छ।

स्कूलले मंगलवार बिभिन्न खेलकूद कार्यक्रम साथै संस्कृतिक कार्यक्रम गरेर बार्षिकोत्सव मनाएको हो। स्कूलकी निर्देशक मनिषा बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख तिलचन भण्डारीको प्रमुख आतिथ्य रहेको थियो।

स्कूलका को-अर्डिनेटर बर्नाड लामा र बिद्यार्थीको तर्फबाट सोफिया प्रसाईले स्वागत गरेको कार्यक्रमको सञ्चालन शिक्षक सुशिला घिमिरेले गरेकी थिइन्। कार्यक्रममा बिद्यार्थीले योगा, नृत्य, गायन, दौडलगायतका खेलकुदका कार्यक्रम प्रस्तुत गरेका थिए। कार्यक्रमअघि विद्यार्थीहरुले मार्चपास समेत गरेका थिए। त्यस्तै अभिभावकहरुबीच समेत खेलकुद



कार्यक्रम गरिएको थियो।

कार्यक्रममा बिद्यालयका कार्यकारी निर्देशक आनन्दकुमार बस्नेत, बाल्मीकि एजुकेशन फाउण्डेशनका प्रिन्सिपल पवन गिरी, न्यूटन्स एजुकेशन फाउण्डेशनका प्रिन्सिपल देवेन्द्र हुमागाँई, हिसानका कार्यबाहक अध्यक्ष उत्तम खनाल, बिर्तामोड प्याव्सन अध्यक्ष सेरेन्द्र खरेल, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, उपाध्यक्ष सुव्रत न्यौपाने लगायतको आतिथ्य रहेको थियो।

बिद्यालयको बार्षिकोत्सवमा साइन्स, कल्चर र खेलकुद कार्यक्रम आयाजना गरेको र यस बर्ष खेलकुद कार्यक्रम गरेर बार्षिक उत्सव मनाइएको बिद्यालयका आइटी अफिसर सुशील कार्की डोलीले जानकारी दिए।

२०७४ सालका स्थापना भएको ग्रीन फिल्ड स्कूलमा नर्सरीदेखि कक्षा १२ सम्मको अनुमति प्राप्त भएको आइटी अफिसर सुशीलले बताए। उनका अनुसार हाल बिद्यालयमा कक्षा नर्सरीदेखि ११सम्म अध्यापन हुने र आगामी बर्षदेखि कक्षा १२ पनि सञ्चालन हुनेछ। विद्यालयमा हाल ५ सय १९ जना विद्यार्थी अध्ययनरत् छन् भने शिक्षक तथा कर्मचारी गरेर ८० जना रहेको बिद्यालयका भाइस प्रिन्सिपल रोजिना कार्कीले जानकारी दिइन्।

# चम्लागाँई प्याब्सन झापाद्वारा सम्मानित

**झापा, फागुन ६।** निजी तथा आवासीय बिद्यालय अर्गनाइजेशन नेपाल झापाले बाह्रदशी गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाँईलाई सम्मान गरेको छ।

प्याव्सन झापाले चम्लागाँईलाई सामाजिक क्षेत्रसहित शैक्षिक, राजनीतिक एवम् राष्ट्र विकास तथा जनसेवामा पुर्‍याएको योगदानको कदर गर्दै सम्मान गरेको बताइएको छ। प्याब्सन झापाले हरेक वर्ष एक जना विशिष्ठ व्यक्तिलाई संस्थाको वार्षिकोत्सवमा सम्मान गर्दै आएको छ। अघिल्लो वर्ष शिवसताक्षी नगरपालिका प्रमुख मेगाहाङ्ग थोप्रालाई सम्मान गरिएको थियो। यो वर्ष चम्लागाँईलाई सम्मान गरिएको प्याव्सन झापाका तत्कालीन सचिव हरिकृष्ण पाठकले जानकारी दिए।

बाह्रदशी गाउँपालिका-६स्थित दीपजन अंग्रेजी विद्यालयमा आयोजित कार्यक्रमकाबीच चम्लागाँईलाई सम्मान पत्र प्रदान गरिएको थियो। चम्लागाँईलाई यसअघि सुरुङ्गामा आयोजित कार्यक्रममा सम्मान गरिने कार्यक्रम तय भएको थियो। तर, पारिवारिक समस्याका कारण चम्लागाँई सो कार्यक्रममा उपस्थित हुन नसकेपछि उनको सम्मान रोकिएको र दीपजनको वार्षिकोत्सवका अवसरमा सम्मान प्रदान गरिएको प्याव्सन झापाका तत्कालीन अध्यक्ष गौरीमान फागोले जानकारी दिए। सम्मान-पत्र कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशसभा सदस्य छवि चुडालले प्रदान गरेका थिए।

## टेलिग्राम ...

जोडिएका एक सय ५३ वटा निवेदन दर्ता भएका छन्। आव २०८०/०८१मा कूल १९ हजार सात सय ३०, आव २०७९/०८०मा नौ हजार १३ वटा साइबर अपराधसँग जोडिएका निवेदन दर्ता भएका मन्त्रालयले जनाएको छ।


## श्री पताल गंगा बचत तथा ऋण सहकारी संस्था लि., विर्तामोड-५, झापा

## कर्जा बुझाउन आउने बारे सूचना

**दोस्रोपटक २०८१/११/०७**

यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउन पर्ने साँवा तथा व्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एव्म मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा व्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफूले बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचीत गरिन्छ। अन्यथा कालो सूचीमा राख्न लेखीपठाई सहकारी ऐन २०७४ बमोजिम कानूनी कारवाही अगाडि बढाइने जानकारी गरिन्छ।

| | |
|---|---|
| १. ऋणी /जमानीकर्ताहरुको नाम<br>ऋणीको नाम : तृष्णा दर्जी<br>बाबुको नाम : विर वहादुर दर्जी<br>बाजेको नाम : कुल बहादुर दर्जी<br>पतिको नाम : सञ्जय कुमार दर्जी (वागदास)<br>ना.प्र.नं. : ०४३०१०/५४८ (झापा)<br>ठेगाना : अर्जुनधारा ११, लक्ष्मीधाप<br>परिवारको जमानीकर्ता : सञ्जय कुमार दर्जी (वागदास)<br>बाबुको नाम : विर बहादुर दर्जी<br>ना.प्र.नं. ८२३११५१<br>परिवारको जमानी कर्ता : सुस्मिता देवी कुमाल<br>बाबुको नाम : ऋषीराम कुमाल<br>ना.प्र.नं. ०४३०१०/५४८<br>जमानीकर्ता : सिर्जना राई<br>जमानीकर्ता : संगीता तामाङ | २. ऋणी /जमानीकर्ताहरुको नाम<br>ऋणीको नाम : पुष्प पाठक<br>बाबुको नाम : यज्ञ राज पाठक<br>बाजेको नाम : कृपानन्द पाठक<br>ना.प्र.नं. : ०१३८४३०५ (झापा)<br>ठेगाना : विर्तामोड ०३, दरबार चोक<br>जमानीकर्ता : कमल सिहा राजवंशी<br>जमानीकर्ता : मेनुका न्यौपाने |
| ३. ऋणी /जमानीकर्ताहरुको नाम<br>ऋणीको नाम : कल्पना मैनाली<br>बाबुको नाम : विष्णु प्रसाद मैनाली<br>बाजेको नाम : नन्द लाल मैनाली<br>पतिको नाम : जीवननाथ गौतम<br>ना.प्र.नं. : ३५७४४१९१ (झापा)<br>ठेगाना : विर्तामोड-०४ एकता टोल<br>परिवारको जमानीकर्ता : जिवननाथ गौतम<br>बाबुको नाम : खडा नन्द गौतम<br>ना. प्र नं. २८८ (झापा)<br>जमानीकर्ता : सम्भु चौधरी<br>जमानीकर्ता : शान्ता श्रेष्ठ | ४. ऋणी /जमानीकर्ताहरुको नाम<br>ऋणीको नाम :ताराचन राजवंशी (किरण)<br>बाबुको नाम : विरेन राजवंशी<br>बाजेको : अजय राजवंशी<br>पतिको नाम : ०४-०१-७०-२५२६० (झापा)<br>ना.प्र.नं. : ९८२४०३०७९९<br>ठेगाना : विर्तामोड-०५<br>परिवारको जमानीकर्ता : अजय राजवंशी<br>जमानीकर्ता : करुणा राजवंशी<br>जमानीकर्ता : योगेश अधिकारी |

ऋण असुली उपरसमिति



## धितो लिलाम गर्ने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**चौथोपटक प्रकाशन मिति : २०८१/११/०७**

यस संस्थाको कर्जा नीति बमोजिम तपशिलमा उल्लेखित ऋणी सदस्यले उपयोग गरेको ऋणको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा पटक पटक पत्राचार गरी ताकेता तथा स्मरण गराउदा पनि तिर्न बुझाउन नआएकोले पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा मिति : २०८०/०२/०३ मा १५ दिने र मिति : २०८०/०३/०७ मा ०७ दिने कर्जा तिर्न आउने सार्वजनिक सूचना साथै मिति : २०८०/१०/२२ मा प्रथम पटक १५ दिने, मिति : २०८०/११/११ मा दोस्रोपटक ०७ दिने र मिति : २०८१/०९/११ मा तेस्रो पटक ३५ दिन धितो लिलाम सम्बन्धी सूचना प्रकाशन गरिएको थियो। उक्त सूचना प्रकाशन गरी ऋण भुक्तानीको आग्रह गर्दा समेत ऋणीले ऋणको साँवा, ब्याज तथा हर्जना समेत तिर्न बुझाउन नआएकोले संस्थाको ऋण रकम अशुल उपर गर्नका लागि ऋणीले ऋणको सुरक्षण बापत लेखिदिएको तपशिलमा उल्लेखित अचल सम्पत्ति (घरजग्गा समेत) जहाँ जस्तो अवस्थामा छ, त्यस्तै अवस्थामा लिलामबिक्रीको लागि सहकारी ऐन २०७४ को दफा ७९ र नियमावली २०७५ को नियम ३० (घ) बमोजिम धितो बापतको सम्पत्ति लिलाम बिक्रीको लागि यो ०७ दिने सूचना प्रकाशन गरिएको छ। शिलबन्दी बोलपत्र फारमका साथ संलग्न शर्तबन्देजहरुको अधिनमा रही तपसिलमा उल्लेखित अचल सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले यो सूचना प्रकाशन भएको मितिले ०७ दिनभित्र यस संस्थाको केन्द्रिय कार्यालयमा तोकिएको समयभित्र आई पुग्ने गरी शिलबन्दी बोलपत्र पेश गर्नु हुन आब्हान गरिन्छ। बोलपत्र खोल्ने दिन बोलपत्रदाताहरु तथा ऋणीलाई समेत उपस्थितिको लागि यसै सूचनामार्फत सूचित गरिन्छ। तर कोही उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन। सुरक्षणमा रहेको सम्पूर्ण धितो बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा जमानी बस्ने व्यक्तिहरुको नाममा रहेको चलअचल जायजेथाबाट अशुल उपर गर्नुका साथै सहकारी ऐन २०७४ को दफा ८० बमोजिमको कालो सूचीमा नाम समावेश गरी दफा ८१ बमोजिम स्थापित कर्जा सूचना केन्द्रमा लेखी पठाउने समेत सूचित गरिन्छ।

**तपशिल**

| | |
|---|---|
| **१) ऋणीको नाम :** | हरि कुमार भण्डारी |
| **ऋणीको ठेगाना :** | अर्जुनधारा न.पा. वडा नं. १०, झापा |
| **जमानीकर्ताहरुको विवरण :** | झापा जिल्ला अर्जुनधारा न.पा. वडा नं. १०, निवासी मिति २०७५/०५/११ मा झापा जिल्लाबाट जारी ना.प्र.नं. ०४-०१-७५-०५५८७ भएको साहिल भण्डारी |
| **धितोको विवरण :** | झापा जिल्ला अर्जुनधारा न.पा वडा नं.१० बस्ने डिल्लीराम गुरागाईको नातिनी घनश्याम गुरागाईको छोरी वर्ष ७७ को भगिरथा देवी भण्डारी र सोही स्थान बस्ने प्रजापति भण्डारीको नाती भिम बहादुर भण्डारीको छोरा वर्ष ५१ को हरि कुमार भण्डारीको नाममा संयुक्त रुपमा मालपोत कार्यालय भद्रपुरमा दर्ता श्रेष्ता कायम भएको झापा जिल्ला साविक शनिश्चरे गा.वि.स/न.पा हाल अर्जुनधारा गा.पा/न.पा वडा न १० मा पर्ने कि.नं.२९१७ क्षे.फ.०-०-१०(१६९।३० व.मि.) को जग्गा कित्ता -१ |

**शर्त बन्देजहरु :**

१. बोलपत्र साथ आफुले कबोल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा एन.एम.बि.बैकमा रहेको बैंक खाता नं. ०६४००३१५४५६०००१५ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।
२. प्राप्त बोलपत्रहरु सूचना प्रकाशन भएको मितिले ०८ औं दिनको दिन दिउँसो ३:०० बजे संस्थाको मुख्य कार्यालयमा खोलिने छ। सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट उल्लेखित समय र स्थानमा खोलिनेछ।
३. लिलाम गर्न लागेको अचल सम्पत्ति निरिक्षण गर्न चाहने व्यक्तिले कार्यालय समयभित्र सम्पर्क गरेर हेर्न सक्नु हुनेछ।
४. प्राप्त बोलपत्रको हकमा कुनै पनि कारण नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थासँग नै सुरक्षित रहनेछ।
५. बोलपत्र सम्बन्धि फारम संस्थाको केन्द्रिय कार्यालय केर्खा बाट रु.१०००। (पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ।

**नवोदय बहुउद्धेश्यीय सहकारी संस्था लि.**

कमल गा.पा. ०३, केर्खा, झापा (फोन नं. : ०२३-४७५१८६)


## एक सय ...

सञ्जालमा अमर्यादित ढङ्गको तस्वीर तथा भिडियो बनाई अपलोड गर्ने २८ जना सशस्त्र प्रहरी कर्मचारीहरूमाथि विभागीय कारबाही गरी सोको विवरण यथाशीघ्र खुलाइ पठाउन मातहत कार्यालयलाई निर्देशन समेत दिएको छ।

## किट ...

उनका अनुसार नेपाली दूतावासले ओडिसाको राज्य सरकारका अधिकारीहरूसँग पनि समन्वय गरेर स्थिति सामान्य बनाउने कोशिस गरिरहेको छ। त्यस्तै केआईआईटी प्रशासनका मानिसहरूसँग पनि दूतावास निरन्तर सम्पर्कमा रहेर नेपाली विद्यार्थीलाई सहजीकरण गरिरहेको उनको भनाइ छ।

**विद्यार्थीको सुरक्षाका लागि कूटनीतिक पहलको माग**

भारतमा अध्ययनरत नेपाली विद्यार्थीको सुरक्षा प्रत्याभूतिका लागि कूटनीतिक र राजनीतिक पहल तत्काल थाल्न सांसदहरुले सरकारको ध्यानाकर्षण गराएका छन्।

प्रतिनिधिसभाको सोमवारको बैठकमा रास्वपाकी सांसद सुमना श्रेष्ठले विशेष समय माग्दै उक्त घटनाप्रति सरकारको ध्यानाकर्षण गराउन खोजेकी थिइन्। तर, सभामुखले उनलाई बोल्न नदिएपछि उनले बाहिर पत्रकारहरुसँग कुरा गर्दै घटनाको भर्त्सना गरेकी थिइन्।

मंगलवार बैठकको आकस्मिक समयमा सांसदहरुले भारतको उडिसा राज्यको कलिङ्गा इन्स्टीच्युट अफ इण्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) वुटवलकी प्रकृति लम्सालको मृत्युको छानबिन र त्यहाँ अध्ययनरत् अन्य विद्यार्थीको सुरक्षाका लागि भारत सरकारसँग समन्वय गर्न सरकारलाई आग्रह गरे। सांसदहरु छविलाल विश्वकर्मा, माधव सापकोटा, ध्रुवबहादुर प्रधान, ठाकुर गैरेले प्रकृति लम्सालको रहस्यमय मृत्युबारे छानबिन, दोषीमाथि कारबाही तथा केआइआइटी विश्वविद्यालयमा अध्ययनरत् नेपाली विद्यार्थीको सुरक्षा प्रत्याभूतिको माग गरे।

सांसद प्रभु साहले शिवरात्रि मेला लाग्ने क्षेत्रमा सुरक्षित यातायात तथा सडक, खानेपानी, शौचालय, स्वास्थ्य उपचार, सुरक्षा व्यवस्थामा ध्यान पुर्‍याउनुपर्ने बताए। अर्की सांसद डा. तोसिमा कार्कीले नेपाल रेडक्रस सोसाइटीमा भएको आर्थिक हिनामिना र त्यससम्बन्धमा भएको छानबिन बारेमा सदनलाई जानकारी दिनुपर्ने बताइन्। भुवनेश्वरको कलिङ्ग इन्स्टीच्यूट अफ इण्डस्ट्रिअल टेक्नोलजी (केआईआईटी)मा अध्ययनरत् रूपन्देही जिल्लाकी विद्यार्थीको शव गत आइतवार साँझ छात्रावासमा 'झुण्डिएको अवस्थामा'फेला परेको थियो।

उक्त घटनाको निष्पक्ष छानबिनको माग गर्दै त्यहाँस्थित नेपाली विद्यार्थीहरूले प्रदर्शन गरेका थिए। तर केआईआईटी प्रशासनले प्रतिक्रियास्वरूप छोटो समय दिएर सोमवार सबै नेपाली विद्यार्थीहरूलाई 'बलपूर्वक' निकालेर घर फर्काउन थालेपछि नेपाली विद्यार्थीहरूले 'अन्योल र चिन्तामा परेको' बताएका थिए।

उता भारतको भुवनेश्वर-कटकस्थित प्रहरी आयुक्तको कार्यालयले नेपाली छात्रा प्रकृति लम्सालको मृत्यु सम्बन्धमा वस्तुनिष्ठ, निष्पक्ष र न्यायपूर्ण अनुसन्धान भइरहेको जनाएको छ। प्रहरी आयुक्तको कार्यालयले एक विज्ञप्ति जारी गर्दै भारतको भुवनेश्वरमा रहेका नेपाली विद्यार्थीको सुरक्षा सुनिश्चित गर्न प्रतिबद्ध रहेको समेत जनाएको छ।

'यस आपराधिक घटनाको अनुसन्धान चलिरहेको छ। प्रहरीले वस्तुनिष्ठ, निष्पक्ष र न्यायपूर्ण अनुसन्धानको सुनिश्चित गरेको छ'- भुवनेश्वर प्रहरी आयुक्तको कार्यालयले भनेको छ- 'नेपाली विद्यार्थीसहित सबै विद्यार्थीको सुरक्षा सुनिश्चित गर्न प्रहरी प्रतिबद्ध छ।'

## डेढ ...

कार्यमा संलग्न भएको भन्दै भारतीय नागरिक अजय कुमार, मोहमद चाद, जय कुमार, मोहम्मद नफिर, गुल्फाम खान, मोहम्मद वासिम, रियाज अहमद मोहम्मद साजवान जमालउद्दिन सेख मोहम्मद हमिद राजलाई पक्राउ गरिएको हो।

त्यस्तै सुभाष चौधरी, मोहम्मद ओवास, अनिस कुमार, आलम शेख, मसली उद्दिन शेख, मोहम्मद नदिम, महोम्द इमरान, मनिष कुमार, महोम्मद हेदायत, महोम्मद अनरास, महोम्मद विलाल, महोम्मद असिम, महोम्मद सर्फराज र महोम्मद दानिसलाई पक्राउ गर्दै जिल्ला प्रहरी परिसर भद्रकाली पठाइएको हो।

## सडक ...

भएका छन्। सामाजिक सञ्जालको दुरुपयोग गरेर अपराध गर्नेहरूले सबैभन्दा बढी टेलिग्राम प्रयोग गरेको पाइएको छ। कुल एक हजार एक सय ८७ वटा निवेदन टेलिग्रामसँग जोडिएको दर्ता भएका छन्।

यस्तै, फेसबुक प्रयोग गरेर एक हजार ९८, इन्टाग्राम प्रयोग भएका सात सय ३१ र टिकटकसँग जोडिएका एक सय ५३ वटा निवेदन दर्ता भएका छन्। आव २०८०/०८१ मा कुल १९ हजार सात सय ३०, आव २०७९/०८०मा नौ हजार १३ वटा साइबर अपराधसँग जोडिएका निवेदन दर्ता भएका मन्त्रालयले जनाएको छ।


## धितो लिलाम गर्ने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**दोस्रोपटक प्रकाशन मिति : २०८१/११/०७**

यस संस्थाको कर्जा नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यले उपयोग गरेको ऋणको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनुपर्नेमा पटक-पटक पत्राचार गरी ताकेता तथा स्मरण गराउँदा पनि तिर्न बुझाउन नआएकोले पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा मितिः २०८०/०२/०३ म ।१५ दिने र मितिः २०८०/०३/०७मा ०७ दिने कर्जा तिर्न आउने सार्वजनिक सूचना साथै मितिः २०८१/१०/२२ मा १५ दिने धितो लिलाम सम्बन्धी सूचना प्रकाशन गरिएको थियो। उक्त सूचना प्रकाशन गरी ऋण भुक्तानीको आग्रह गर्दा समेत ऋणीले ऋणको साँवा, व्याज तथा हर्जना समेत तिर्न बुझाउन नआएकोले संस्थाको ऋण रकम अशुल उपर गर्नका लागि ऋणीले ऋणको सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति (घरजग्गा समेत) जहाँ जस्तो अवस्थामा छ, त्यस्तै अवस्थामा लिलाम बिक्रीको लागि सहकारी ऐन २०७४ को दफा ७९ र नियमावली २०७५ को नियम ३० (घ) बमोजिम धितो बापतको सम्पत्ति लिलाम बिक्रीको लागि यो ०७ दिने सूचना प्रकाशन गरिएको छ। शिलबन्दी बोलपत्र फारमका साथ संलग्न शर्त बन्देजहरुको अधिनमा रही तपसिलमा उल्लेखित अचल सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले यो सूचना प्रकाशन भएको मितिले ०७ दिनभित्र यस संस्थाको केन्द्रिय कार्यालयमा तोकिएको समयभित्र आईपुग्ने गरी शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। बोलपत्र खोल्ने दिन बोलपत्र दाताहरु तथा ऋणीलाई समेत उपस्थितीको लागि यसै सूचना मार्फत सूचित गरिन्छ। तर, कोही उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन। सुरक्षणमा रहेको सम्पूर्ण धितो बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा जमानी बस्ने व्यक्तिहरुको नाममा रहेको चलअचल जायजेथाबाट अशुल उपर गर्नुका साथै सहकारी ऐन २०७४ को दफा ८० बमोजिमको कालो सूचीमा नाम समावेश गरी दफा ८१ बमोजिम स्थापित कर्जा सूचना केन्द्रमा लेखी पठाउने समेत सूचित गरिन्छ।

**तपशिल**

| | |
|---|---|
| **१) ऋणीको नाम :** | **साहारा सुब्वा (थेवे)** |
| ऋणीको ठेगाना : | दमक न.पा. वडा नं. ०१, रबि स्टेण्ड, झापा |
| जमानीकर्ताहरुको विवरण : | झापा जिल्ला दमक न.पा. वडा नं. ०१, निवासी मिति २०६५/०३/०२ मा झापा जिल्लाबाट जारी ना.प्र.नं. ०४१०३३-५५६ भएको कुमारी चेम्जोङ्ग |
| धितोको विवरण : | झापा जिल्ला दमक न.पा. वडा नं.०१ बस्ने सानध्वज थेवेको नाति इन्द्र बहादुर थेवेको छोरा वर्ष ३८ को साहारा सुब्वा थेवेको नाममा मालपोत कार्यालय दमक झापामा दर्ता श्रेष्ता कायम भएको झापा जिल्ला साविक दमक न.पा. हाल दमक न.पा. वडा नं. ०१ मा पर्ने कि.नं. ३५६१७ को ज.वि.०-५-०-० (१६९३-१५ व.मि.) क्षे.फ.को जग्गाकित्ता-१ |
| **२) ऋणीको नाम :** | **कुमारी चेम्जोङ्ग** |
| ऋणीको ठेगाना : | दमक न.पा. वडा नं. ०१, रबि स्टेण्ड, झापा |
| जमानीकर्ताहरुको विवरण : | झापा जिल्ला दमक न.पा. वडा नं. ०१, निवासी मिति २०६६/०६/२२ मा ताप्लेजुङ्ग जिल्ला बाट जारी ना.प्र.नं. ५६६३०-१८६३ भएको साहारा सुब्वा (थेवे) |
| धितोको विवरण : | झापा जिल्ला दमक न.पा.वडा नं.०१ बस्ने मकरध्वज थेवेको नाति सानध्वज थेवेको छोरा वर्ष ६९ को इन्द्र बहादुर थेवेको नाममा मालपोत कार्यालय दमक झापामा दर्ता श्रेष्ता कायम भएको झापा जिल्ला साविक दमक न.पा. हाल दमक न.पा. वडा न ०१ मा पर्ने कि.नं. ३५६१५को ज.वि.०-५-०-० (१६९२।६३ व.मि.) क्षे.फ.को जग्गाकित्ता-१ |

**शर्त बन्देजहरु :**

१. बोलपत्र साथ आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा एन.एम.बि. बैकमा रहेको बैंक खाता नं. ०६४००३१५४५६०००१५ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।
२. प्राप्त बोलपत्रहरु सूचना प्रकाशन भएको मितिले ०८औं दिनको दिन दिउँसो ३:०० बजे संस्थाको मुख्य कार्यालयमा खोलिने छ। सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट उल्लेखित समय र स्थानमा खोलिने छ।
३. लिलाम गर्न लागेको अचल सम्पत्ति निरीक्षण गर्न चाहने व्यक्तिले कार्यालय समयभित्र सम्पर्क गरेर हेर्न सक्नु हुनेछ।
४. प्राप्त बोलपत्रको हकमा कुनै पनि कारण नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थासँग नै सुरक्षित रहने छ।
५. बोलपत्र सम्बन्धि फारम संस्थाको केन्द्रिय कार्यालय केर्खाबाट रु. १०००।- (पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिने छ।

**नवोदय बहुउद्धेश्यीय सहकारी संस्था लि.**

कमल गा.पा. ०३, केर्खा, झापा (फोन नं. : ०२३-४७५१८६)



## धितो लिलाम गर्ने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**दोस्रोपटक प्रकाशन मिति : २०८१/११/०७**

यस संस्थाको कर्जा नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यले उपयोग गरेको ऋणको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा पटक-पटक पत्राचार गरी ताकेता तथा स्मरण गराउदा पनि तिर्न बुझाउन नआएकोले पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा मिति : २०८१/०७/२८मा १५ दिने र मिति : २०८१/०८/२७ मा ०७ दिने कर्जा तिर्न आउने सार्वजनिक सूचना साथै मितिः २०८१/१०/२० मा १५ दिने धितो लिलाम सम्बन्धी सूचना प्रकाशन गरिएको थियो। उक्त सूचना प्रकाशन गरी ऋण भुक्तानीको आग्रह गर्दा समेत ऋणीले ऋणको साँवा, व्याज तथा हर्जना समेत तिर्न बुझाउन नआएकोले संस्थाको ऋण रकम अशुल उपर गर्नका लागि ऋणीले ऋणको सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति (घरजग्गा समेत) जहाँ जस्तो अवस्थामा छ, त्यस्तै अवस्थामा लिलाम बिक्रीको लागि सहकारी ऐन २०७४ को दफा ७९ र नियमावली २०७५ को नियम ३० (घ) बमोजिम धितो बापतको सम्पत्ति लिलाम बिक्रीको लागि यो ०७ दिने सूचना प्रकाशन गरिएको छ। शिलबन्दी बोलपत्र फारमका साथ संलग्न शर्तबन्देजहरुको अधिनमा रही तपशिलमा उल्लेखित अचल सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले यो सूचना प्रकाशन भएको मितिले ०७ दिनभित्र यस संस्थाको केन्द्रीय कार्यालयमा तोकिएको समयभित्र आई पुग्ने गरी शिलबन्दी बोलपत्र पेश गर्नु हुन आब्हान गरिन्छ। बोलपत्र खोल्ने दिन बोलपत्रदाताहरु तथा ऋणीलाई समेत उपस्थितीको लागि यसै सूचना मार्फत सूचित गरिन्छ। तर कोही उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन। सुरक्षणमा रहेको सम्पूर्ण धितो बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा जमानी बस्ने व्यक्तिहरुको नाममा रहेको चलअचल जायजेथाबाट अशुल उपर गर्नुका साथै सहकारी ऐन २०७४ को दफा ८० बमोजिमको कालो सूचीमा नाम समावेश गरी दफा ८१ बमोजिम स्थापित कर्जा सूचना केन्द्रमा लेखी पठाउने समेत सूचित गरिन्छ।

**तपशिल**

| | |
|---|---|
| **१) ऋणीको नाम :** | चन्दन कुमार सहनी |
| ऋणीको ठेगाना : | उर्लाबारी न.पा. वडा नं. ०३, मोरङ्ग |
| जमानीकर्ताहरुको विवरण : | मोरङ्ग जिल्ला उर्लाबारी न.पा. वडा नं. ०३, निवासी मिति २०७७/०६/१८मा मोरङ्ग जिल्ला बाट जारी ना.प्र.नं. ०५-०२-७७-००८४६ भएको सुस्मा देवी सहनी |
| धितोको विवरण : | मोरङ्ग जिल्ला उर्लाबारी न.पा वडा नं. ०३ बस्ने सियालाल सहनीको नाति कपिलदेव सहनीको छोरा वर्ष ३७ को चन्दन कुमार सहनीको नाममा मालपोत कार्यालय दमक झापामा दर्ता श्रेष्ता कायम भएको झापा जिल्ला साविक तोपगाछी गा.वि.स हाल कमल गा.पा. वडा न ०४ मा पर्ने कि.नं.७८५ को ज.वि.०-०-१०-०(१६९।३० व.मि.) क्षे.फ.को जग्गा कित्ता -१ |
| **२) ऋणीको नाम :** | **चन्द्र बहादुर विश्वकर्मा** |
| ऋणीको ठेगाना : | मिक्लाजुङ्ग गा.पा. वडा नं. ०८, मोरङ्ग |
| जमानीकर्ताहरुको विवरण : | मोरङ्ग जिल्ला मिक्लाजुङ्ग गा.पा. वडा नं. ०८, निवासी मिति २०६३/१२/११ मा मोरङ्ग जिल्लाबाट जारी ना.प्र.नं. ०५३०४३/३७३ भएको संगीता विश्वकर्मा |
| धितोको विवरण : | मोरङ्ग जिल्ला मिक्लाजुङ्ग गा.पा वडा नं.०८ बस्ने हागे विश्वकर्माको नाती धनबहादुर विश्वकर्माको छोरा वर्ष ४० को चन्द्र बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय दमक झापामा दर्ता श्रेष्ता कायम भएको झापा जिल्ला साविक तोपगाछी गा.वि.स हाल कमल गा.पा. वडा न ०२ मा पर्ने कि.नं.७३२७ को ज.वि.०-०-१६.२५-०(२७५।११ व.मि.) क्षे.फ.को जग्गा कित्ता -१ |

**शर्त बन्देजहरु :**

१. बोलपत्र साथ आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा एन.एम.बि.बैकमा रहेको बैंक खाता नं .०६४००३१५४५६०००१५ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।
२. प्राप्त बोलपत्रहरु सूचना प्रकाशन भएको मितिले ०८ औं दिनको दिन दिउँसो ३:०० बजे संस्थाको मुख्य कार्यालयमा खोलिने छ। सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट उल्लेखित समय र स्थानमा खोलिनेछ।
३. लिलाम गर्न लागेको अचल सम्पत्ति निरिक्षण गर्न चाहने व्यक्तिले कार्यालय समयभित्र सम्पर्क गरेर हेर्न सक्नु हुनेछ।
४. प्राप्त बोलपत्रको हकमा कुनै पनि कारण नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थासग नै सुरक्षित रहनेछ।
५. बोलपत्र सम्बन्धि फारम संस्थाको केन्द्रिय कार्यालय केर्खा बाट रु.१०००। (पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ।

**नवोदय बहुउद्धेश्यीय सहकारी संस्था लि.**

कमल गा.पा. ०३, केर्खा, झापा (फोन नं. : ०२३-४७५१८६)



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com